नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०
०१-४३१९०४४

Email: cyberbureau@nepalpolice.gov.np

भोटाहिटी, काठमाडौं

मिति: २०८०-०४-०१ गते।

# प्रेस विज्ञप्ति

## सम्माननीयज्यू प्रति घृणा र द्वेष फैलाउने व्यक्ति पक्राउ।

सामाजिक सञ्जालका विभिन्न प्लेटफर्महरुमा सम्माननीयज्यू प्रति घृणा र द्वेष फैलाउने सामाग्री सम्प्रेषण गरी गैर कानुनी कार्य गरेकाले कानुन बमोजिम कारबाहीका लागि यस ब्यूरोमा निवेदन प्राप्त हुन आएको।

प्राप्त निवेदन माथि प्राविधिक अनुसन्धान गर्दै जाने क्रममा "टाइगर राना मगर" भएको फेसबुक प्रोफाइलको टाइमलाइनमा सम्माननीयज्यूको तस्विर समेत प्रयोग गरी प्रचलित कानुनले प्रतिबन्ध लगाएका भ्रामक, आपत्तिजनक शब्दहरू प्रयोग गरी, प्रकाशन तथा प्रदर्शन गरेको देखिन आएकोले, उक्त कार्यमा संलग्न रहेका, जिल्ला रूपन्देही देवदह नगरपालिका वडा नं.-८ घर भई, सोही जिल्ला, बुटवल उपमहानगरपालिका वडा नं.-११ बस्ने, वर्ष ४९ को शेर बहादुर राना खुल्न आएको हुँदा निज रानालाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको कसूरमा सम्मानित काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई इलाका प्रहरी कार्यालय बुटवलको सहयोगमा मिति २०८०/०३/३१ गते बुटवलबाटै पक्राउ गरी दिन ५ (पाँच) म्याद थप भई आवश्यक अनुसन्धान कार्य भइरहेको।

उप-निर्देशक
(पशुपति कुमार राय)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२